नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
महोत्तरी, जलेश्वर
प्र.जि.अ. निवास-५२०१२
कार्यालय-५२०१७
फ्याक्स नं.-५२०२०
Email:-daomahottari@moha.gov.np
Web:-daomahotari.moha.gov.np

मितिः-२०७६/०८/०३

## २०७७ साल (सन् २०२०) हज आवेदन सम्बन्धी सूचना

२०७७ साल (सन् २०२०) मा साउदी अरबको मक्का-मदिनामा हज गर्न जान चाहने ईच्छुक नेपाली मुसलमानहरुल देहाय अनुसारको कागजातहरु संलग्न राखी मिति २०७६ साल मंसिर ०१ गते २०७६ साल मंसिर ३० गते सम्म यस कार्यालयमा रीतपूर्वकको आवेदन फाराम पेश गर्न नेपाल हज समितिको सचिवालयको च.नं.९० मित २०७६/०८/०१ गतेको प्राप्त पत्र र नेपाल हज समितिको मिति २०७६/०६/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । हज आवेदकले भर्ने फाराम यस कार्यालयको वेबसाइट daomahotari.moha.gov.np/download र गृह मन्त्रालयको वेबसाइट www.moha.gov.np मा गई Excel File Download गरी Entry Sheet मा विवरण भरी Print Sheet बाट Print गरी पेश गर्ने । साथै गत वर्ष सन् २०१९ मा हज गर्न जान नपाएका हजयात्रीहरुलाई पहिलो प्राथमिकतामा राखी बाँकी आवेदकहरु मध्ये पहिले आवेदन गर्ने व्यक्तिलाई दोश्रो प्राथमिकताको पहिलो स्थान दिइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः-**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -१ थान

२. सक्कलै राहदानी (MRP) -१ थान

३. राहदानी प्रतिलिपी -१ थान

(राहदानी वाहकको पूर्ण विवरणः- नाम, ठेगाना, जन्म मिति, लिङ्ग तथा कार्यालयको छाप र हस्ताक्षर ठीक भए/नभएको एकीन भएको)

४. हवाई टिकट र साउदी अरबमा लाग्ने घरभाडा, परिवहन खर्च, मौल्लिम दस्तुर र मक्कामा खाना खर्च एकीन भए पछि थप रकम पुनः दाखिला गर्ने गरी हाललाई राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ११३००००३९६०१ वा सनराईज बैंक पुतलीसडक शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं. ०२२०५२०६१३७०१००१ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक वा सनराईज बैंकको कुनै पनि शाखाबाट रु. १,२५,०००/- (एक लाख पच्चिस हजार मात्र) जम्मा गरी जम्मा गर्ने व्यक्ति (आवेदक) को नाम र पासपोर्ट नं. उल्लेख गरेको सक्कलै भौचर -१ थान

५. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो -४ प्रति

(फोटोको पछाडि नउड्ने मसीले नाम, पासपोर्ट नं. र ठेगाना अनिवार्य उल्लेख गरेको हुनुपर्ने)

६. महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भई हज गर्न जाने निजका (पति, बुवा, दाजु, भाई, छोरा वा छोरीज्वाई मध्ये कुनै एकसँग) नाता खुल्ने कागजात र राहदानीको प्रतिलिपी समेत

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
महोत्तरी जलेश्वर

७. राहदानी (MRP) नबनाएका व्यक्तिले जिल्ला प्रशासन कार्यालयमा समयमै सम्पर्क गरी राहदानी (MRP) बनाई निवेदन पेश गर्नु पर्नेछ । जिल्ला प्रशासन कार्यालयहरुले पनि हजयात्रीहरुको राहदानी बनाउन प्राथमिकता दिई सहयोग गरी दिनु पर्नेछ ।

८. ३ (तीन) वर्ष भित्र हज गर्न नगएको व्यक्ति हुनुपर्नेछ ।

९. ७५ वर्ष भन्दा माथिको व्यक्ति आवेदक भएमा निजको साथमा १ जना सहयोगी व्यक्ति राख्नुपर्ने (अशक्त र रोगी भएको व्यक्ति नहुनु पर्नेछ)

**पुनश्चः-** गत वर्ष हज गर्न जान नपाएका हजयात्रीहरुले सन् २०२० मा हज गर्न चहेमा निजले रकम फिर्ता नलिएको भए एक प्रति फाराम, भौचरको प्रतिलिपी र २ प्रति फोटोका साथ आफु हज गर्न जान चाहने व्यहोरा उल्लेख गरिएको निवेदन संलग्न राखी यस कार्यालयमा पुनः आवेदन गर्नु पर्नेछ । पुनः आवेदन नदिएका व्यक्तिलाई हजयात्रामा समावेश नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>थप जानकारीका लागि</u>

नेपाल हज समितिको सचिवालय
बबरमहल, काठमाण्डौ ।
फोन नं.-०१-४२२३८८५, ४२२३९१९

प्रशासकिय अधिकृत

जिल्ला प्रशासन कार्यालय, महोत्तरी ।
आशिष कर्ण
कम्प्यूटर अपरेटर
९८५४०३०९८८